# खिजीदेम्वा गाउँपालिकाको

## आर्थिक ऐन, २०८३

**खिजीदेम्वा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खिजीफलाटे, ओखलढुंगा**
**कोशी प्रदेश, नेपाल**

गन्चु शेर्पा
अध्यक्ष

खिजीदेम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था :२०७३

# खिजीदेम्बा गाउँपालिकाको आर्थिक ऐन, २०८३

## प्रस्तावना:

खिजीदेम्बा गाउँपालिकाको आर्थिक बर्ष २०८३।८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीइ भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम खिजीदेम्बा गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम **आर्थिक ऐन, २०८३** रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि खजीदेम्बा गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पत्ति कर:**

(१) गाउँपालिका क्षेत्रभित्र **अनुसूचि -१** बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **मालपोत तथा भुमिकर:**

(१) गाउँपालिका क्षेत्रभित्र **अनुसूचि-२** बमोजिम भुमिकर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क सम्बन्धित वडा कार्यालय मार्फत संकलन गरिनेछ।

४. **घर बहाल कर:**

(१) गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले वहालमा दिएकोमा **अनुसूचि-३** बमोजिम घर जग्गा वहार कर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा १ बमोजिमको रकम गाउँपालिकाको कार्यालयबाट संकलन गरिनेछ।

५. **व्यवसाय कर:**

(१) गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा **अनुसूचि-४** बमोजिम कर वा दर्ता शुल्क लगाइने र असूल उपर गरिनेछ।

(२) निर्माण सेवा, सेवा उद्योग, ढुवानी सेवा, सञ्चार सेवा, वित्तिय सेवा, स्वास्थ्य सेवा, शिक्षण सेवा, अन्य सेवा र संस्था सुचिकृत दर्ता नविकरण शुल्क गाउँपालिकाको कार्यालयमा मात्र संकलन गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:**

गन्चु शेर्पा
अध्यक्ष

(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवासायिक कारोवार गरेवापत **अनुसूची-५** बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ। यस गाउँपालिकाको सिमा भन्दा बाहिर निकासी हुने जिवजन्तु वापत अनुसूचि ५ बमोजमिको कर लगाइने र असूल गरिने छ। निकासी कर खरिदकर्तालाई लगाइने छ।

(२) उपदफा १ बमोजिमको रकम सम्बन्धित वडा कार्यालय तथा गाउँ कार्यपालिकाको कार्यालय मार्फत संकलन गरिनेछ।

**७. सवारी साधन कर:**

(१) गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा **अनुसूचि -६** बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ। यस गाउँपालिकामा सञ्चालन हुने सवारी साधनहरुले बार्षिक सडक मर्मत तथा सेवा शुल्क वापतको कर लगाईने तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**८. विज्ञापन कर:**

(१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसूचि-७** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**९. मनोरन्जन कर:**

(१) गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा **अनुसूचि-८** बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१०. बहाल बिटौरी कर:**

(१) गाउँपालिका क्षेत्रभित्र हुने आफूले निर्माण, रेखदेख वा संचालन गरेका **अनुसूचि-९** मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

**११. ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ शुल्क:**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत **अनुसूचि-१०** बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१२. सेवा शुल्क, दस्तुर:**

(१) गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका **अनुसूचि-११** मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३.** **कर छुट:**

(१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट दिइनेछैन ।

**१४.** **कर तथा संकलन सम्बन्धी कार्यविधि:**

(१) यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**१५.** **पशु स्वास्थ्य शुल्क:**

(१) गाउँपालिका क्षेत्रभित्र रहेका पशु स्वास्थ्य सम्बन्धी तपसिलका शिर्षकमा तपशिल बमोजीमको कर असुल उपर गरिनेछ ।

**१६.** **व्यवसायिक जलविद्युत शुल्क:**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसायिक जलविद्युतका लागि अनुसूची–१३ बमोजिमको कर लगाइ असुली गरिनेछ । उक्त कर गाउँकार्यपालिकाको कार्यालय मार्फत संकलन गरिनेछ ।कार्य क्षेत्रभित्र रहेका पशु स्वास्थ्य सम्बन्धी तपसिलका शिर्षकमा तपशिल बमोजीम करको दर प्रस्ताव गर्ने ।

**१७.** यस ऐनामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अन्तर सरकारी वित्त ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम संघ तथा प्रदेश सरकारको आर्थिक ऐन एवं प्रचलित ऐन, नियम बमोजिम तोकिने कर, दस्तूर र शुल्कका विषयमा सोही बमोजिमक कर, दस्तुर र शुल्क कायम गरी असुल उपर गरिनेछ । **आगामि आ.व.को लागि प्रस्तावित कर तथा गैर कर राजस्व दर: आगामी आर्थिक बर्ष २०८३।०८४ को लागि तपसिलका शीर्षकहरुमा तपशिल अनुसारको करको दर प्रस्ताव गर्ने ।**

गम्बु शेर्पा
अध्यक्ष

आर्थिक बर्ष २०८३।०८४ को लागि निर्धारण गरिएका कर, दस्तुर र शुल्क तथा जरिवानाको दरहरु:

## अनुसूची-१

### सम्पत्ति कर

| क्र.सं. | सम्पत्तिको मूल्यांकन | कर | कैफियत |
|---|---|---|---|
| १. | रु. १ देखि रु. ५ लाख सम्म | रु.१००।- | |
| २. | रु. ५ लाख भन्दा माथि रु. १० लाख सम्म | रु.२००।- | |
| ३. | रु. १० लाख भन्दा माथि रु. २० लाख सम्म | रु.३००।- | |
| ४. | रु. २० लाख भन्दा माथि रु. ५० लाख सम्म | रु.४००।- | |
| ५. | रु. ५० लाख भन्दा माथि रु. १ करोड सम्म | रु.१५००।- | |
| ६. | रु. १ करोड भन्दा माथि रु.२ करोड सम्म | रु.२५००।- | |
| ७. | रु. २ करोड भन्दा माथि रु.४ करोड सम्म | रु.५०००।- | |
| ८. | रु. ४ करोड भन्दा माथि०.१० प्रतिशतका दरले कुल मुल्यमा | ०.१० | |
| **नोटः विदेश जाने व्यक्तिहरुको हकमा सम्पत्ति मुल्यांकन गर्दा** | | | |
| १. | ५० लाख सम्म | रु.५००।- | |
| २. | रु. ५० लाख भन्दा माथि रु. १ करोडसम्म | रु.१०००।- | |
| ३. | रु. १ करोड भन्दा माथि रु. २ करोडसम्म | रु.१५००।- | |
| ४. | रु. २ करोड भन्दा माथि रु. ४ करोडसम्म | रु.२०००।- | |
| ५. | रु. ४ करोडभन्दा माथि | रु.४०००।- | |

## अनुसूची-२

### भुमिकर (मालपोत)

| क्र.सं. | जग्गाको किसिम | | भुमिकर (मालपोत) | जरिवाना |
|---|---|---|---|---|
| १. | व्यवसायिक प्रति रोपनी | बार्षिक | २० | प्रत्येक वर्ष १० प्रतिशतको दरले थप लाग्नेछ। |
| २. | औद्योगिक प्रति रोपनी | बार्षिक | १५ | |
| ३. | आवासिय प्रति रोपनी | वार्षिक | १० | |
| ४. | कृषि प्रति रोपनी | वार्षिक | ५ | |
| ५. | वन प्रति रोपनी | वार्षिक | ५ | |

गम्बु शेर्पा
अध्यक्ष

## अनुसूची-३

### बहाल कर

| क्र.सं. | घरको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| १. | सवै किसिमका घरका बहाल कर | १० प्रतिशत | |
| २. | गाउँपालिकाको हल भाडा प्रति दिन (कार्यालय वाहेक अन्य संघ संस्थाको लागि) | रु.१०००।- | |

गाउँपालिकाको स्वामित्वमा रहेको व्यवस्थित सटर, पसल, कबल, भवन, खेती योग्य जमिन वा अन्य जमिन लिजमा दिंदा प्रचलित कानून बमोजिम प्रतिस्पर्धात्मक विधिबाट लिजमा वा ठेक्कामा लगाउन सकिनेछ।

## अनुसूची-४

### व्यवसाय कर वा दर्ता शुल्कहरु

| क्र.सं. | व्यवसायको किसिम | दर्ता शुल्क | नविकरण शुल्क | कै. |
|---|---|---|---|---|
| व्यापारिक वस्तुहरु | | | | |
| १. | पान,चुरोट,विडी, सुर्ती जन्य पदार्थको विक्रेता | रु.५००। | रु.५००। | |
| २. | मदिरा, वियर, कोल्ड ड्रिक्स, डिलर | रु.३०००। | रु.१५००। | |
| ३. | सुनचाँदी पसल गहना बनाउने, प्रशोधन र विक्री गर्ने | रु.३०००। | रु. १५०० | |
| ४. | स्टेशनरी तथा पुस्तक, खेलौना पसल | रु.१०००। | रु.५००। | |
| ५. | फर्निचर तथा फर्निसिङ, बेड विस्तारा निर्माण | रु.२०००। | रु.१०००। | |
| ६. | कम्प्युटर, मोबाईल, घडी लगायतका इलेक्ट्रोनिक सामान | रु.२०००। | रु.१०००। | |
| ७. | पेट्रोल पम्प प्रति पम्प | रु.५०००। | रु.२५००। | |
| ८. | सवारी साधन जीप, कार, ठुला सवारी साधन विक्रेता | रु.१००००। | रु.५०००। | |
| ९. | सवारी साधन, मोटरसाईकल, स्कुटर बिक्रेता | रु.५०००। | रु. २५००। | |
| १०. | सवारी मर्मत जीप, कार, बस ठूला सवारी मर्मत | रु.४०००। | रु.२०००। | |
| ११. | सवारी साधन मोटरसाईकल, स्कुटरमर्मत | रु.१५००। | रु.७५०। | |
| १२. | साइकल पसल, तथामर्मत | रु.१०००। | रु.५००। | |
| १३. | गिफ्टसप/ कस्मेटिकपसल | रु.२०००। | रु.१०००। | |
| १४. | एग्रोभेट, विषादी औषधी, बिउबिजन समेत | रु.१०००। | रु.५००। | |
| १५. | अन्य पसल | रु.१०००। | रु.५००। | |

गम्चु शेर्पा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| **दैनिक उपभोगजन्य बस्तुहरु** | | | | |
| १६. | कपडा पसल, फेन्सी स्टोर | रु.१०००। | रु.१०००। | |
| १७. | खाद्यान्न किराना पसल | रु.५००। | रु.५००। | |
| १८. | भाडा पसल | रु.१०००। | रु.५००। | |
| १९. | किराना लगायतको घुम्ती पसल | रु.५००। | रु.५००। | |
| २०. | खाद्यान्न खरिद विक्री सप्लायर्स | रु.२०००। | रु.१०००। | |
| २१. | कपडा सर्टिङ सुटिङ, सिलाई तथा गारमेण्ट | रु.१०००। | रु.५००। | |
| २२. | दुग्ध उद्योग, डेरी उद्योग | रु.१०००। | रु.५००। | |
| २३. | पानी सम्बन्धी उद्योग | रु.२०००। | रु.१०००। | |
| **निर्माण सेवा** | | | | |
| २४. | हार्डवेयर पसल, रंग रोगन, स्यानटरीका समाग्री | रु.२०००। | रु.१०००। | |
| २५. | शिसा प्लाइउड सनमाईका रंग रोगन तथा स्यानिटरीका सामान वेच्ने | रु.२०००। | रु.१०००। | |
| २६. | गिटी ढुंगा, बालुवा, इटा स्टोर | रु.२०००। | रु.१०००। | |
| २७. | काठ मिल | रु.२०००। | रु.१०००। | |
| २८. | क बर्गका निर्माण व्यवसायी दर्ता सिफारिस/ सिफारिस | रु.६०००। | | |
| २९. | ख बर्गका निर्माण व्यवसायी दर्ता सिफारिस/सिफारिस | रु.५८००। | | |
| ३०. | ग बर्गका निर्माण व्यवसायी दर्ता सिफारिस/सिफारिस | रु.५५००। | | |
| ३१. | क,ख,ग बर्गको निर्माण व्यवासयि नविकरण/बार्षिक शुल्क | रु.३०००। | | |
| ३२. | घ बर्गको निर्माण व्यवासायि इजाजत दस्तुर | रु.१००००। | रु.५०००। | |
| ३३. | घ बर्गको निर्माण व्यवासायि इजाजत पत्र नामसारी/प्रतिलिपि | रु.५०००। | | |
| ३४. | मिक्सर, थ्रेसर | रु.३०००। | रु.१५००। | |
| **कृषि तथा पशुजन्य व्यवसाय** | | | | |
| ३५. | कृषि तथा पशुपंक्षी फर्म | रु.५००। | रु.५००। | |
| ३६. | मासु पसल, माछा पसल, वद्यशाला | रु.५००। | रु.५००। | |
| ३७. | तरकारी फलफूल पसल | रु.५००। | रु.५००। | |
| ३८. | तरकारी फर्म, फलफूल फर्म, फूल उत्पादक फर्म | रु.५००। | रु.५००। | |
| ३९. | कुटानी, पेलानी र पिसानी मिल | रु.१५००। | रु.७५०। | |
| | | | | |

गम्बु शेर्पा
अध्यक्ष

बिजीदेवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिजीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था : २०७३

| | | | | |
|---|---|---|---|---|
| **सेवा उद्योग** | | | | |
| ४०. | अपसेट प्रेस, फ्लेक्स प्रिन्ट, छापाखाना, छाप बनाउने | रु.२०००। | रु.१०००। | |
| ४१. | फोटो स्टुडियो, कलरल्याब | रु.१०००। | रु.५००। | |
| ४२. | फोटोकपी, प्रिन्ट सेवा, इन्टरनेट, साइवर सेवा, अनलाइन सेवा | रु.१५००। | रु.७५०। | |
| ४३. | होटल लज सहितको | रु.३०००। | रु.१५००। | |
| ४४. | लज बाहेकको होटल (खाजा खाना बेच्ने) | रु.१०००। | रु.५००। | |
| **ढुवानी सेवा** | | | | |
| ४५. | ट्रक,टिफर व्यवसाय (प्रति सवारी साधन ) | रु.२०००। | | |
| ४६. | जीप, पिक अप मिनि ट्रक, ट्रयाक्टर (प्रति सवारी साधन ) | रु.१५००। | | |
| ४७. | पावर ट्रिलर, ट्रली, ठेला गाडी | रु.५००। | | |
| **सञ्चार सेवा** | | | | |
| ४८. | सामुदायिक एफ एम तथा रेडियो स्टेशन दर्ता, सुचिकृत | रु.५०००। | रु.२५००। | |
| ४९. | अनलाइन मिडिया, स्थानीय पत्रपत्रिका | रु.१५००। | रु.७५०। | |
| ५०. | नेटवर्किङ, इन्टरनेट सेवा,टेलिफाने टावर, रेडियो टावर | रु.३०००। | रु.१५०० | |
| **वित्तिय सेवा** | | | | |
| ५१. | मनिट्रान्सफर, मनी एक्सचेन्जर, शेयर कारोबार गर्ने,बिमा कम्पनी | रु.३०००। | | |
| ५२. | बैंक तथा वित्तीय संस्थाहरु क वर्ग | रु.१५०००। | | |
| ५३. | बैंक तथा वित्तीय संस्थाहरु ख वर्ग | रु.१००००। | | |
| ५४. | बैंक तथा वित्तीय संस्थाहरु ग वर्ग | रु.७०००। | | |
| ५५. | बैंक तथा वित्तीय संस्थाहरु घ वर्ग | रु.५०००। | | |
| **स्वास्थ्य सेवा** | | | | |
| ५६. | अस्पताल तथा नर्सिङ होम प्रति शैया | रु.४०००। | रु.२०००। | |
| ५७. | पोलिक्लिनिक सेन्टर, क्लिनिक तथा ल्याब | रु.१००००। | रु.५०००। | |
| ५८. | आयुर्वेदिक अस्पतालको बैकल्पिक चिकित्सका प्रति शैया रु | रु.२०००। | रु.५०० | |
| ५९. | आयुर्वेद क्लिनिक | रु.५०००। | रु.२५००। | |
| ६०. | डायग्नोष्टिक सेन्टर | रु.१००००। | रु.५०००। | |
| **शिक्षा सेवा** | | | | |
| ६१. | आवासीय माद्यमिक विद्यालय (सामुदायिक विद्यालय बाहेक), | रु.५०००। | रु.२५००। | |
| ६२. | आवासीय आधारभुत विद्यालय (सामुदायिक विद्यालय बाहेक), | रु.२५००। | रु.१५००। | |

गन्धु शेर्पा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ६३. | मन्टेश्वरी, बाल विकास, प्ले ग्रुपको | रु.१०००। | रु.५००। | |
| ६४. | टिउसन सेन्टर, कोचिङ सेन्टर | रु.१०००। | रु.५००। | |
| ६५. | ड्राइभिङ तालिम केन्द्र तथा अन्य प्रशिक्षण केन्द्र | रु.२०००। | रु.१०००। | |
| **अन्य सेवा** | | | | |
| ६६. | व्युटिपार्लर, शैलुन | रु.१५००। | रु.७५०। | |
| ६७. | ग्रिल उद्योग | रु.३०००। | रु.१५००। | |
| ६८. | पुल हाउस तथा स्नोकर | रु.१०००। | रु.५००। | |
| ६९. | ग्यास लगायत किचनरी सामग्रीहरु | रु.१५००। | रु.७५० | |
| ७०. | कन्सल्टेन्सी सेवा (इन्जिनियरीङ, सूचना प्रविधि,अन्य) | रु.३०००। | रु.१५०० | |
| ७१. | लेखापढी व्यवसाय सुचिकृत प्रत्येक वर्ष | रु.१०००। | | |
| ७२. | ढलान र सर्टिङ सामान भाडामा दिने | रु.३०००। | रु.१५००। | |
| ७३. | लेखा परीक्षण सेवा क बर्ग | रु.१००००। | | |
| ७४. | लेखा परीक्षण सेवा ख बर्ग | रु.७०००। | | |
| ७५. | लेखा परीक्षण सेवा ग बर्ग र सो भन्दा मुनि | रु.५०००। | | |
| ७६. | कागज फ्याक्ट्री, ह्याण्डी क्राफ्ट | रु.१५००। | रु.७५०। | |
| | माइक्रोहाइड्रो तथा पेल्टीसेट(१ देखि ५ किलोवाट) | रु.५००। | | |
| ७७. | माइक्रोहाइड्रो तथा पेल्टीसेट(५ देखि १५ किलोवाट) | रु.२०००। | | |
| | माइक्रोहाइड्रो तथा पेल्टीसेट(१५ किलोवाट भन्दा माथि) | रु.३०००। | | |
| ७८. | साना उद्योग सेवा शुल्क | रु.१०००। | | |
| ७९. | मझौला उद्योग सेवा शुल्क | रु.२०००। | | |
| ८०. | ठुला उद्योग सेवा शुल्क | रु.३०००। | | |
| **संस्था सुचिकृत दर्ता नविकरण शुल्क** | | | | |
| ८१. | १ लाख देखि २० लाख सम्म कारोबार भएको गैर नाफामुल संस्था | रु.१५००। | रु.७५०। | |
| ८२. | २० लाख देखि १ करोड सम्म कारोबार भएको गैर नाफामुल संस्था | रु.२०००। | रु.१०००। | |
| ८३. | १ करोड भन्दा माथि कारोबार भएका गैर सरकारी संस्था | रु.५०००। | रु.२५००। | |
| ८४. | अन्तराष्ट्रिय गैर सरकारी संस्था | रु.५०००। | रु.२५००। | |
| ८५. | टोल विकास संस्था, गुम्बा, मन्दिर,चर्च, क्लब अन्य संस्था | रु.५००। | रु.५००। | |

गम्बु शेर्पा
अध्यक्ष

खिजीदेम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल
स्था :२०७३

| | | | | |
|---|---|---|---|---|
| ८६. | संस्था/व्यवसाय प्रमाणप्रत्र प्रतिलिपी | रु.१०००। | | |
| ८७. | संस्था/व्यवसाय दर्ता सुचिकरण शुल्क | रु.३५०। | | |
| ८८. | व्यवसाय संघ संस्था खारेजी | रु.२०००। | | |
| ८९. | निजी वन दर्ता | रु.२०००। | रु.१०००। | |

१. उपरोक्त व्यवसाय दर्ता गर्दा अन्य संघीय वा प्रदेश कानूनले व्यवस्था गरेकोमा सोही बमोजिम हुने र त्यस्तो व्यवस्था नभएको हकमा उल्लिखित दरको कर लागु गर्ने।

२. माथि उल्लेख भएको व्यवसायमा सोही अनुसार र उल्लेख नभएको हकमा राजश्व परामर्श समितिको सिफारिसमा गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरी कर निरधारण गरिनेछ।

३.एउटै व्यसायबाट एक भन्दा बढी बस्तु तथा सेवाको कारोबार गरेमा जुन बस्तु तथा सेवाको कर बढी छ सोही बस्तु तथा सेवाको मात्र कर असुल गरिनेछ।

४. माथी उल्लेख भएका व्यसायहरु प्रत्येक आ.व.को पुस मसान्तभित्र नविकरण गरेमा कुनै जरिवाना लाग्ने छैन, सोही आ.व.को माघ महिनादेखि असार मसान्त सम्म १० प्रतिशत जरिवाना लाग्नेछ। सो भन्दा बढी प्रति आ.व.को थप २० प्रतिशत लाग्ने छ।

## अनुसूची-५

## जडिबुटी, कवाडी र जीवजन्तु कर

| क्र.सं. | व्यवसाय विवरण | करका दरहरु |
|---|---|---|
| १. | प्लाष्टिक , कागज आदिमा | प्रति के.जी. रु.०.५०। |
| २. | अन्य कबाडी सबै प्रति | प्रति के.जी. रु.१। |
| ३. | कवाडी फलाम | प्रति के.जी. रु. २। |
| ४. | अल्लो, साप्पाट लगायत रेशादार जडीबुटी | प्रति के.जी. रु. ३। |
| ५. | च्याउजन्य जडिबुटी व्यापार | प्रति के.जी. रु. ६। |
| ६. | सल्लेखोटो व्यवसाय | प्रति के.जी. रु. २। |
| ७. | ऊन व्यवसाय | प्रति के.जी. रु.१। |
| ८. | जरा तथा अन्य जडीवुटी तथा बनस्पती | प्रति के.जी. रु.३। |
| ९. | चौरी, याक निकासी | प्रति गोटा रु.४००। |
| १०. | गाई, गोरु निकासी | प्रति गोटा रु.१५०। |
| ११. | रागा भैसि निकासी | प्रति गोटा रु.२००। |
| १२. | खसी/बोका निकासी | प्रति गोटा रु.५०। |
| १३. | चिराईतो | प्रति केजी रु.१०। |

गन्चु शेर्पा
अध्यक्ष

| | | |
|---|---|---|
| १४. | लोक्ता | प्रति केजी रु.५। |
| १५. | मजिठो/मजिटो | प्रति केजी रु.०.५०। |
| १६. | मछिनोको पात निकासी | प्रति केजी रु.०.५०। |
| १७. | ठुलो ओखती | प्रति केजी रु. १। |
| १८. | फलामे घाँसको गेडा | प्रति केजी रु. १० । |
| १९. | सुगन्धवाल | प्रति केजी रु. ५ । |
| २०. | अर्गेली | प्रति केजी २ पैसा । |
| २१. | चुत्रो | प्रति केजी रु. ३ । |
| २२. | भिर मौरी प्रति गोला | रु. १०००। |
| २३. | लौठ सल्लाको पात | प्रति केजी रु. ६ । |
| २४. | चाँप, चिलाउने | प्रति क्यूविक फिट रु.१० |
| २५. | लेकाली सल्ला | प्रति क्यूविक फिट रु.७ |
| २६. | बेसी सल्ला | प्रति क्यूविक फिट रु.७ |
| २७. | उत्तिस लगाएतका नरम काठ | प्रति क्यूविक फिट रु.५ |
| २८. | **चिरान गरेका भए गोलाईमा हिसाव गरी लिने आवश्यक्ता अनुसार परिमार्जन गर्ने** | |
| २९. | स्लेट आकारका ढुंगाको | प्रति क्यूविक मिटर ३०० |
| ३०. | ढुंगा, बालुवा, गिट्टी जस्ता नदिजन्य बस्तु | प्रति टिप ट्र्याक्टर रु.५००। |
| ३१. | आलु निकासी | प्रति केजी रु.१। |
| ३२. | सेतो सिमी निकासी | प्रति केजी रु.३। |
| ३३. | खच्चड चरिचरण शुल्क | प्रति पशु रु.१०००। |
| ३४. | कोदो/मकै | प्रति केजी रु.१। |
| ३५. | भटमास | प्रति केजी रु.२ । |
| ३६. | अलैची | प्रति केजी रु.२ । |
| अन्य जडिबुटी वा जिवजन्तु करको हकमा बार्षिक रु. ५०० देखि रु. ५००० सम्मको कर गाउँपालिका अध्यक्षस्तरको निर्णयबाट लगाउन सक्ने र सो भन्दा बढी लगाउनुपर्ने व्यवसायमा गाउँ कार्यपालिकाको निर्णयबाट लगाउन सकिनेछ । | | |

गम्बु शेर्पा
अध्यक्ष

खिजीदेम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

## अनुसूची -६

### सवारी साधन कर, सडक मर्मत सम्भार कर

| क्र.सं. | सवारीको किसिम | बार्षिक सवारी कर (आ.व.२०८२।८३) प्रति वर्ष दर्ता/नवीकरण | सडक मर्मत सम्भार कर (पटके) |
|---|---|---|---|
| १. | बस, ट्रक, लरी तथा अन्य हैभी सवारीहरु | ४००० | ४०० |
| २. | कार, जीप | २००० | २०० |
| ३. | टेम्पु, पावर ट्रिलर | २००० | २०० |
| ४. | भाडाको माइक्रो बस | ३००० | ३०० |
| ५. | ट्रेक्टर | २००० | २०० |
| ६. | मिनिट्रक, पिकअप जिप, बोलेरो | २५०० | २५० |
| गाउँपालिकाको योजना सञ्चालनको लागि एक्सकाभेटर, ब्याकहो लोडर सञ्चालन गरेबापत प्रतिघण्टा रु.५० का दरले सम्बन्धित निर्माण कम्पनीसँग कर असुली गरिने छ । | | | |

**म्याद नाघी कर बुझाउन आएमा म्याद नाघेको मितिले प्रत्येक बर्षको लागि १०% प्रतिशत थप जरिवाना लाग्नेछ ।**

## अनुसूची-७

### विज्ञापन करका दरहरु

| क्र.सं. | विज्ञापनका माध्यम | करको दर (प्रति वर्ग फिट ) |
|---|---|---|
| १. | होडिङवोर्ड प्रति वर्गफिट | रु.१५। |
| २. | भित्ते लेखन | रु.१०। |
| ३. | तूल व्यानर, फेलेक्स (प्रति हप्ता) | रु.५। |
| ४. | माइकिङ, प्रचार (प्रति दिन) | रु.१००। |
| ५. | अस्थायी गेट निर्माण –प्रति गेट) | रु.२००। |
| १. स्वीकृत मादक पदार्थ र धुम्रपान व्यवसायको विज्ञापनमा उपरोक्त दरमा २५ प्रतिशत थप कर लाग्नेछ । २. सार्वजनिक महत्वका जनचेतना वृद्धि गर्ने र सरकारी कार्यालयबाट राखिएका उपरोक्तानुसारका सामग्रीमा कर लाग्ने छैन । | | |

गन्बु शेर्पा
अध्यक्ष

## अनुसूची-८

### मनोरञ्जनका करका दरहरु

| क्र.सं. | व्यवसाय विवरण | करको दर |
|---|---|---|
| १. | रमाइलो मेला प्रति दिन | रु.१०००। |
| २. | कन्सर्ट, दोहोरी गित आदि प्रति पटक | रु.१०००। |
| ३. | चलचित्र वा टेली चलचित्र सुटिङ्ग | |
| | नेपाली | रु.१०००। |
| | विदेशी | रु.२०००। |

## अनुसूची-१०

### बहाल विरौटी शुल्कका दरहरु

| क्र.सं. | विवरण | प्रति वर्ग फिट दर |
|---|---|---|
| १. | खिजीफलाटे बजार क्षेत्र | रु.३। |
| २. | खिजीफलाटे बाहेक सवै वडाका वजार क्षेत्र | रु.२। |
| ३. | अन्य क्षेत्र | रु.१। |

## अनुसूची-१०

### ट्रेकिङ,क्यानोइङ, प्यारा ग्लाइडिङ, बन्जिजम्प, जिपफ्लायर, र्याफ्टीङ

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| १. | ट्रेकिङ (प्रति व्यक्ति) | रु.१००। |
| २. | प्यारा ग्लाइडिङ (प्रति पटक) | रु.१००। |
| ३. | रक क्लाइम्बिङ प्रति व्यक्ति प्रति रुट | रु.१०० |

गम्बु शेर्पा
अध्यक्ष

अनुसूची-११

सेवा शुल्क दस्तुर

(क) नक्सापास दस्तुर

| | संरचनाको प्रकार | नक्सापास क्षेत्र अनुसारको दस्तुर (प्रति वर्गफिट) | | |
|---|---|---|---|---|
| | | क | ख | ग |
| **आर.सि.सि. मल्टिप्लेक्स व्यवसायिक भवन, लिफ्ट जडान हुने** | | | | |
| १ | अन्डर ग्राउण्ड भई तला र पहिलो तलामा | रु.६। | रु.५। | रु.४। |
| | दोश्रो तला | रु.६। | रु.५। | रु.४। |
| | तेश्रो तला | रु.७। | रु.६। | रु.५। |
| | चौथो तला | रु.८। | रु.७। | रु.६ |
| | पाँचौ तला | रु.९। | रु.८। | रु.७। |
| | छैठौ तला वा सो भन्दा माथि | रु.१०। | रु.९। | रु.९ |
| **आर सि.सि. सिमेन्टमा जोडाइ भएको घर** | | **क** | **ख** | **ग** |
| २ | अन्डर ग्राउण्ड भई तला र पहिलो तलामा | रु.५। | रु.४। | रु.३। |
| | दोश्रो तला | रु.५.५०। | रु.४.५०। | रु.३.५०। |
| | तेश्रो तला | रु.६। | रु.५। | रु.४। |
| | चौथो तला | रु.७। | रु.६। | रु.५। |
| | पाँचौ तला | रु.८। | रु.७। | रु.६ |
| | छैठौ तला वा सो भन्दा माथि | रु.१०। | रु.९। | रु.९ |
| **जस्ता वा अन्य छानो भएको पक्की इटा, ढुंगामा सिमेन्टको जोडाई भएको घर** | | **क** | **ख** | **ग** |
| ३ | भुइ तला र पहिलो तलामा | रु.४। | रु.३.५०। | रु.३। |
| | दोश्रो तला | रु.४.५०। | रु.४। | रु.३.५०। |
| **माटोको जडाइमा इटा वा ढुंगाको गारो वा ओ.सि.सि., आर.वि.सी. जस्ता सड निर्माण** | | **क** | **ख** | **ग** |
| ४ | भुइ तला र पहिलो तलामा | रु.३। | रु.२। | रु.२। |
| | दोश्रो तला | रु.३.५०। | रु.२.५०। | रु.२.५०। |
| ५ | अस्थायी घर निर्माण (खपडा, फुस, छाना, प्लाष्टिक) प्रति घर | | | रु.१५०। |
| ६ | ले आउट दस्तुर प्रतिघर | | | रु.४००। |

गम्बु शेर्पा
अध्यक्ष

| | | |
|---|---|---|
| ७ | घरको नक्सा प्रतिलिपी दस्तुर एकमुष्ठ | रु.४००। |
| ८ | घर सम्पन्न निरीक्षण दस्तुर | रु.४००। |
| ९ | नक्सा नामसारी दस्तुर ( नक्सा पासको लागि लाग्ने दस्तुरको) | ३० प्रतिशत |

(क) बिना इजाजत गाउँपालिका क्षेत्रमा घर बनाई पछि नक्सा पास गराउने आएमा प्राविधिकले निरीक्षण गरी नक्सा पास गर्न मिल्ने भए सो अवस्थामा तोकिएको दस्तुर लाग्नेछ। अभिलेखीकरणको लागि

(ख) नक्सापास क्षेत्र "क" भन्नाले खिजीफलाटे बजार र आसपास सडकमा मोहोडा भएका जग्गामा बन्ने घरको क्षेत्रलाई बुझाउँछ। नक्सापास क्षेत्र "ख" भन्नाले लिखु भुसिङ्ग सडक र वडा केन्द्र जोड्ने मुल सडकमा मोहडा भएको क्षेत्रलाई जनाउँछ र अन्य क्षेत्रलाई "ग" क्षेत्रले बुझाउनेछ।

**(ख) सिफारिस दस्तुर**

| | | |
|---|---|---|
| १. | नाता प्रमाणित (नेपालीमा) | रु.१००। |
| २. | कन्सुलर प्रमाणित | रु.५००। |
| ३. | घर जग्गा नामसारी र अन्य मालपोत सम्बन्धी सिफारिस | रु.२००। |
| ४. | घर पाताल/घर कायम प्रमाणित | रु.२००। |
| ५. | घरबाटो प्रमाणित | रु.२००। |
| ६. | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | रु.१००। |
| ७. | मोही लगत कट्टी सिफारिस | रु.२००। |
| ८. | पति पत्नीको सम्बन्ध बिच्छेद प्रमाणपत्र | रु.५००। |
| ९. | अविवाहित प्रमाणित | रु.२००। |
| १०. | विवाह प्रमाणित | रु.१००। |
| ११. | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | |
| | (क) नेपालको लागि | रु.२००। |
| | (ख) भारतको लागि | रु.५००। |
| | (ग) अन्य मूलुकको लागि | रु.१०००। |
| १२. | हकवाला संरक्षण सम्बन्धी सिफारिस (व्यक्ति, संस्था) | रु.१००। |
| १३. | हकवाला वा हकदार प्रमाणित | रु.१००। |
| १४. | कागज मञ्जुरीनामा प्रमाणित | रु.१००। |
| १५. | संघ संस्था दर्ता सम्बन्धी सिफारिस | रु.५००। |
| १६. | निजी विद्यालय दर्ता वा स्तर बृद्धि, कक्षा बृद्धि | |
| | (क) पूर्व प्राथमिक र मन्टेश्वरी | रु.१५००। |

गम्बु शेर्पा
अध्यक्ष

| | | |
|---|---|---|
| | (ख) आधारभूत विद्यालय | रु.२०००। |
| | (ग) माध्यामिक | रु.२५००। |
| १७. | विद्यालय ठाउँसारी सिफारिश | |
| | (क) पूर्व प्राथमिक र मन्टेश्वरी | रु.५००। |
| | (ख) आधारभूत विद्यालय | रु.७००। |
| | (ग) माध्यामिक | रु.१०००। |
| १८. | काठ दाउराको सिफारिस, काठ ब्यवसायिक कारोबार सिफारीस व्यवसायिक काठ | रु.२००। |
| १९. | बैदेशिक प्रयोजनको लागि अंग्रेजी सिफारिश प्रमाणीकरण प्रति शिफारिस | रु.२००। |
| २०. | वंशजको नागरिकता सम्बन्धी सिफारिस | रु.१००। |
| २१. | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | रु.५००। |
| २२. | नागरिकता प्रतिलिपी सिफारिस | रु.२००। |
| २३. | नाम फरक भएको एकै व्यक्ति हो भन्ने सिफारिस | रु.१००। |
| २४. | व्यक्तिगत विवरण सिफारिश | रु.१००। |
| २५. | चार किल्ला प्रमाणित सिफारिस (एक कित्ता भन्दा बढी भएमा थप कित्ताको प्रति कित्ता रु. ५०। थप) | रु.१५०। |
| २६. | सनाखतको सिफारिस | रु.१००। |
| २७. | जन्म, मृत्यु, जीवित रहेको सम्बन्धी प्रमाणित/सिफारिश | रु.१००। |
| २८. | **स्थायी बसोबास, बसाई सराई सम्बन्धी सिफारिस/प्रमाणित** | |
| | (क) स्वदेशमा बसोबास | रु.१००। |
| | (ख) भारतमा बसोबास | रु.२००। |
| | (ग) अन्य मुलूक | रु.५००। |
| २९. | नाम, थर, जन्म मिति संशोधन सिफारिस/ प्रमाणित | रु.१००। |
| ३०. | सर्जमिन मुचूल्का(असहाय तथा विपन्न बर्गलाई वडा अध्यक्षले छुट दिन सक्ने) | रु.५००। |
| ३१. | अमिन शुल्क प्रति कित्ता | रु.५००। |
| ३२. | विद्युत जडानन सम्बन्धी सिफारिस | |
| | क) टु फेज | रु.१००। |
| | ख) थ्रिफेज | रु.२००। |
| ३३. | टेलिफोन जडानन,नामसारी, ठाउँसारी सम्बन्धी सिफारिस | रु.१००। |

गन्धु शेर्पा
अध्यक्ष

| | | |
|---|---|---|
| ३४. | निजी धारा जडानन,नामसारी, ठाउँसारी सम्बन्धी सिफारिस | रु.१००। |
| ३५. | चारित्रिक सिफारिस | रु.१००। |
| | उद्योग स्थापना, ठाउँसारी, नामासारी सिफारिश | |
| ३६. | घरेलु, लघु तथा साना उद्योग | रु.५००। |
| | मझौला उद्योग | रु.१०००। |
| | ठूला उद्योग | रु.१५००। |
| ३७. | भवन निर्माणको साधारण स्वीकृति सम्बन्धी सिफारिस | रु.१००। |
| ३८. | छत्रवृत्ति सम्बन्धी सिफारिस स्वदेश | रु.२००। |
| ३९. | छात्रवृत्ति सम्बन्धी सिफारिस विदेश | रु.२५०। |
| ४०. | अपूताली सम्बन्धी सिफरिश | |
| | (क) नेपाल भित्रको | रु.५००। |
| | (ख) विदेशको | रु.१०००। |
| ४१. | विपन्न विद्यार्थी भएको सिफारिश | निःशुल्क |
| ४२. | विपन्न सिफारिश | निःशुल्क |
| ४३. | अपाङ्ग सिफारिश | निःशुल्क |
| ४४. | निःशुल्क वा सशुल्क उपचार सिफारिश | निःशुल्क |
| ४५. | जेष्ठ नागरिक सिफारिस | निःशुल्क |
| ४६. | जन्म मिति प्रमाणित | रु.१००। |
| ४७. | अस्थायी/स्थायी बसोबास सिफारिश | रु.१००। |
| ४८. | व्यवसाय बन्द, सञ्चालन नभएको सिफारिश | रु.२००। |
| ४९. | व्यापार व्यवसाय नभएको सिफारिश | रु.१००। |
| ५०. | कोर्ट फि मिनाहा सिफारिश | निःशुल्क |
| ५१. | नाबालक परिचयपत्र सिफारिश | रु.१००। |
| ५२. | चौपाया लिनेदिने सम्बन्धी सिफारिश | रु.१००। |
| ५३. | प्रतिलिपी सिफारिस | रु.१५०। |
| ५४. | मौजुदा सूचीमा सूचीकृत दस्तुर | रु १०००। |
| **अन्य सिफारिस कागजको** | | |
| ५५. | भवन निर्माण दरखास्त फाराम | रु.२००। |
| ५६. | मिलापत्र दस्तुर पक्ष प्रतिपक्ष | रु.५००। |

गम्बु शेर्पा
अध्यक्ष

| | | |
|---|---|---|
| ५७. | कपाली तमसूक प्रमाणित | रु.२००। |
| | ग) ब्याकह्वोलोडर प्रयोग दस्तुर | |
| १. | इन्धन नहाली व्यक्तिगत तथा उपभोक्ता समितिको काममा | रु १३,००। |
| २. | इन्धन नहाली ठेक्काको काममा | रु १५,००। |
| नोटः एकल महिला तथा पूरुष, घरेलू हिंसा पिडित महिला, असक्त, अपांग एवं, दीन दुःखीहरुको हकमा गाउंपाललिका अध्यक्ष,उपाध्यक्ष,वडाध्यक्षको तोक आदेश अनूसार सिफारिश दस्तूर मिनाहा गर्न सकिनेछ। | | |
| गाउपालिकाले मूल्यांकन गरेको सिफारिसको पूनः नवीकरण गर्नूपर्दा जून प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तुरको छ प्रतिशत राजश्व लिइनेछ। | | |
| सरकारी कार्यालय/सामुदायिक विद्यालयहरुको सिफारिसमा सिफारिस दस्तुर लाग्ने छैन। | | |
| गाउँपालिकाले आफ्नो बाहेक अन्य प्रयोजनको लागि ब्याकह्वोलोडर प्रयोग गर्दा अनिवार्य रुपमा इन्धन बाहेक मात्र प्रयोग गर्नुपर्नेछ। | | |

## अनुसूची-१२
## पशु स्वास्थ्य सेवा

| क्र.सं. | विवरण | सेवा शुल्क (प्रतिगोटा) | कै |
|---|---|---|---|
| १ | गोवर परिक्षण | रु.१०। | |
| २ | गाई, भैंसी उपचार | रु.१०। | |
| ३ | भेडा, बाख्रा, खरायो, सुँगुर, बँगुर, आदि साना जातका पशुउपचार | रु.५। | |
| ४ | कुकुर विरालो उपचार | रु.२५। | |
| ५ | हाँस, कुखुरा परेवा आदि पंक्षीहरु | रु.५। | |
| ६ | बाँदर र अन्य जंगली जनावर उपचार | रु.५०। | |
| ७ | घोडा खच्चर उपचार | रु.५०। | |
| ८ | हाँस कुखुरा पोषमाटम | रु.५। | |
| ९ | सुँगुर बँगुर पोषमाटम | रु.१०। | |
| १० | अन्य घरपालुवा पशुहरुको पोषमाटम | रु.२००। | |
| ११ | घोडा अन्य जंगली जनावरको पोषमाटम | रु.२००। | |
| १२ | माइनर सर्जीकल (भेडा बाख्रा गाई भैंसी) | रु.५०। | |
| १३ | मेजर सर्जीकल | रु.२००। | |
| १४ | कुकुर रेवीज खोप | रु.१००। | |

गम्बु शेर्पा
अध्यक्ष

अनुसूची-१३

व्यवसायिक जलविद्युत शुल्क

| क्र.सं. | विवरण | शुल्क | कैफियत |
|---|---|---|---|
| १. | १ मेगावाट देखि १० मेगावाट सम्म | रु. १ लाख | |
| २. | १० मेगावाट देखि २५ मेगावाट सम्म | रु. १ लाख ५० हजार | |
| ३. | २५ मेगावाट देखि १०० मेगावाट सम्म | रु. २ लाख ५० हजार | |

बिजौरीमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिजौरीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था. २०७३

गम्बु शेर्पा
अध्यक्ष